SAHAS URJA

Regd. No. 126624/071/072

# SAHAS URJA Ltd.

KMC-1, Hattisar, Kathmandu, Nepal

Ref. No. ०१२८/०८१/८२

मिति: २०८१।०८।०२

श्री कार्यालय प्रमुखज्यू

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,

सिंहदरवार प्लाजा, काठमाडौ,

SAHAS URJA

विषय: वार्षिक साधारण सभा निर्णय पेश गरेको सम्वन्धमा ।

महोदय,

यस कम्पनीको मिति २०८१।०७।०४ मा सम्पन्न ०७७/०७८, ०७८/०७९, ०७९/०८० र ०८०/०८१ को संयुक्त वार्षिक साधारण सभाको निर्णय तहाँ पेश गर्नु पर्ने व्यवस्था बमोजिम उल्लेखित आ.व. को संयुक्त वार्षिक साधारण सभाको निर्णयहरु पेश गरेका छौं । कम्पनीको तहाँको मिसिल संलग्न गरी पाउ ।

निवेदक

दिनेश कुमार रोक्का

कम्पनी सचिव

Phone : 01-4519182, 4519183, 4522756, www.sahasurja.com, surja@sahasurja.com

## साहस उर्जा लि.को
## आठौं, नवौं, दशौं र एघारौं वार्षिक साधारण सभाको निर्णयहरुः
## (आर्थिक वर्ष २०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१)

यस साहस उर्जा लि.को वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री हिम प्रसाद पाठकज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा वसी देहायका विषयहरुमा छलफल भई निम्न लिखित निर्णयहरु पारित गरीयो ।

**सभा भएको मिति, समय र स्थानः**
मितिः २०८१।०७।०४ आइतबार
समयः दिनको ११:०० बजे
स्थानः कार्की ब्याङक्वेट, बबरमहल, काठमाडौं ।

**उपस्थितीः**
यसै साथ संलग्न गरिएको छ ।

**सभाको वैधानिकताः (कम्पनी ऐन, २०६३ को दफा ६९)**

(क) **साधारण सभाको सूचनाः** आ.व.२०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को वार्षिक साधारण सभाको सूचना सम्वन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र स्वीकृत नियमावलीको नियम १८(३) वमोजिम यस सभाको लागि २१ दिन अगावै दुई पटक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नु पर्ने व्यवस्था बमोजिम नयाँ पत्रिका राष्ट्रिय दैनिकमा मिति २०८१।६।२ र २०८१।६।०३ गते सुचना प्रकाशित गरिएको ।

(ख) **साधारण सभाको गणपुरक संख्याः** कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको स्वीकृत नियमावलीको नियम २३ वमोजिम सभा संचालनको लागि आवश्यक गणपुरक संख्या सम्वन्धमा निम्न बमोजिम शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी तथा शेयरधनीहरुको प्रतिनिधिहरुको उपस्थिती भएकोले कम्पनी ऐन तथा कम्पनीको स्वीकृत नियमावली वमोजिम पर्याप्त गणपुरक संख्या भएकोले सभालाई वैधानिक घोषणा गरीयो ।

| जम्मा शेयरधनी | जम्मा शेयर संख्या | उपस्थित शेयरधनी संख्या प्रोक्सी सहित | उपस्थित शेयर | | |
|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | रकम |
| ४,०३,८१८ | ३,५०,००,००० | ९,५२६ | १,८४,३१,५५६ | ५२.६६ | १,८४,३१,५५,६०० |

ग) **सभाका अध्यक्षताः** सभाको अध्यक्षता गर्न संचालक समितिका अध्यक्ष श्री हिम प्रसाद पाठकज्यूलाई आमन्त्रण तथा आसन ग्रहण पश्चात अध्यक्षको अनुमतीमा संचालक समितिका सदस्य श्री परितोष पौड्यालज्यूले सभाको कार्यक्रम अगाडी वढाउनु भयो ।

(घ) **आशन ग्रहणः** आशन ग्रहणलाई अगाडी वढाउदै उद्घोषकज्यूले अतिथि सल्लाहकार डा. श्री डिल्लीराज खनाल, अतिथि श्री रामेश्वर खनाल, अतिथि श्री असिम राई (अध्यक्ष थुलुङ दुधकोशी



SAHAS URJA

गा.पा.), कम्पनीको प्रवन्ध संचालक श्री शुसिल थापा, संचालक श्री मुक्तीराम पाण्डे, संचालक श्री भोज बहादुर शाह, संचालक श्री मिनराज कडेल, संचालक श्री महेन्द्र कुमार गिरी, तथा उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई आशन ग्रहण गराउनु भयो ।

(ङ) **स्वागत मन्तब्य:** साधारण सभामा उपस्थित अतिथिहरु, शेयरधनीहरु, कर्मचारीहरु लगायत सवैलाई संचालक समितिको तर्फबाट संचालक समितिका सदस्य श्री मिनराज कडेलज्यूले स्वागत मन्तब्य राख्नु भयो ।

(च) **सभाको विधिवत उद्घाटन:** स्वागत मन्तब्य पश्चात सल्लाहकार डा.श्री डिल्लीराज खनालज्यू, सल्लाहकार श्री रामेश्वर खनालज्यू र संचालक समितिका अध्यक्ष श्री हिम प्रसाद पाठकज्यूवाट दिप प्रज्वलित गरी सभाको विधिवत उद्घाटन गरियो ।

(छ) **राष्ट्रिय गान बजाउने कार्यक्रम:** कार्यक्रमको उद्घाटन पश्चात सभामा राष्ट्रिय गान बजाइयो उक्त समयमा उपस्थित सवैले आफ्नो स्थानबाट उठेर राष्ट्रिय गान प्रति सम्मान प्रकट गरीयो ।

(ज) **शुभकामना मन्तब्य:** सभामा उपस्थित अतिथिज्यूहरुले क्रमश साधारण सभाको सफलताको शुभकामना मन्तब्य निम्न बमोजिम क्रमश: राख्नु भयो ।
अतिथि श्री असिम राई (अध्यक्ष थुलुङ दुधकोशी गा.पा.)
अतिथि श्री रामेश्वर खनाल (सल्लाहकार साहस उर्जा लि.)
अतिथि डा. श्री डिल्लीराज खनाल (सल्लाहकार साहस उर्जा लि.)

(झ) **परियोजनाको श्रब्य दृष्य प्रदर्शन:**
(१) सोलुखोला दुधकोशी ज.वि. ८६ मे.वा. को श्रब्य दृष्य प्रदर्शन गरियो,
(२) नयाँ परियोजना बुढीगण्डकी जलविद्युत आयोजना ३४१ मे.वा. (अर्धजलासय) को वारेमा श्रब्य दृष्य सहित प्रस्तुती कम्पनीको प्रोजेक्ट म्यानेजर श्री गोविन्द चालिसेज्यूवाट प्रस्तुत गरियो ।

(ञ) **आर्थिक वर्ष .२०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ बार्षिक प्रतिवेदन प्रस्तुत:**
संचालक समितिको तर्फबाट अध्यक्ष श्री हिम प्रसाद पाठकज्यूले आर्थिक वर्ष .२०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो प्रतिवेदन प्रस्तुत गर्ने क्रममा पुस्तकमा प्रकाशित प्रतिवेदनमा निम्न वमोजिम संशोधन तथा स्पष्ट पारिएको जानकारी गराउनु भयो । साथै उल्लेखित संशोधन तथा स्पष्ट पारिएको बुँदाहरु सहित प्रस्तुत वार्षिक प्रतिवेदन पारित गरी दिनु हुन अनुरोध गर्नु भयो ।
(१) संशोधन प्रतिवेदनको चौथो अनुच्छेदको पहिलो हरफ "परियोजनालाई आवश्यक पुंजी मध्ये २३.६ प्रतिशत शेयरधनीहरुवाट र ७६.४ प्रतिशत ऋणको व्यवस्थापन गर्ने"
(२) स्पष्ट गरिएको: प्रतिवेदनको प्रकरण ७ को चालु आर्थिक वर्षको वजेट विनियोजन शिर्षक अन्तर्गत क्रम संख्या ११ मा समावेस प्रशासनिक तथा अन्य खर्च शिर्षकमा निम्न खर्चहरु समेत समावेस गरिएको



SAHAS URJA

संचालक समितिको सदस्य र अध्यक्षको सुविधाः

| क्र.सं. | विषय | अध्यक्ष | प्रवन्ध संचालक | संचालक |
|---|---|---|---|---|
| १ | मासिक भत्ता तथा सुविधा | ४५०,४००।- (मासिक पारिश्रमिक) | २८१,५००।- (मासिक पारिश्रमिक) | ६०,०००।- |
| २ | प्रति वैठक भत्ता | १२,०००।- | १०,००० | १००००।- |
| ३ | अन्य समिति तथा उपसमितिहरुको वैठक भत्ता प्रति वैठक रु.१०,०००।-<br>नोटः अध्यक्ष र प्रबन्ध संचालकको मासिक पारिश्रमिक विगत वर्षहरुमा खाईपाई आएको पारिश्रमिकमा वृद्धी नगरिएको ।<br>संचालक समितिका सदस्य तथा पदाधिकारीहरुको परियोजनाको कार्यको लागि उपत्यका वाहिरको भ्रमण हुदा भ्रमण भत्ता प्रतिदिन ४,०००।- र अन्य खर्चहरु विल बमोजिम हुने । | | | |

(३) कम्पनीको संचालक समितिको आर्थिक वर्ष २०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ मा भएका निर्णयहरु

**उद्घाटन सत्र अन्त्य भएको घोषणा गर्दै संचालक समितिको अध्यक्ष तथा यस सभाको अध्यक्षज्यूले बन्दसत्र प्रारम्भ भएको घोषणा गर्नु भयो ।**

**बन्दसत्र प्रारम्भः**

**सामान्य प्रस्तावहरुः**

छलफलका लागि प्रस्तुतः

१. आर्थिक वर्ष .२०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को संचालक समितिको तर्फवाट अध्यक्षज्यूवाट प्रस्तुत वार्षिक प्रतिवेदन छलफल तथा पारित गर्ने सम्वन्धमा ।

२. आर्थिक वर्ष .२०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन सहितको वित्तीय विवरण प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा ।

(क) **प्रस्ताव नं. १ र २ मा छलफलः** सभा समक्ष प्रस्तुत प्रस्ताव नं. १ र २ सम्वन्धमा छलफलमा शेयरधनीहरु श्री सत्रुधन श्रेष्ठ, श्री उद्धव प्रसाद घिमिरे, श्री चन्द्र नारायण श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री जगनाथ आचार्य, श्री ब्रम्हदेव शाक्य, श्री धुर्व राज न्यौपाने, श्री नरसिंहलाल चखु, श्री सुदिप श्रेष्ठ, श्री कोशराज राई, श्री रामचन्द्र कार्की, श्री सुरेन्द्र कार्की, श्री इन्द्रकृष्ण श्रेष्ठ, श्री अशोक कुमार झा, श्री उद्धव दाहाल, श्री भुवन गिरी, श्री ऋषीधन गुरुङ तथा श्री लक्ष्मण वहादुर श्रेष्ठ, श्री गोविन्द वहादुर के.सी., श्री इन्द्र प्रसाद लामिछाने, इ.श्री वैजुनाथ रौनियार, श्री डमरु वल्लभ घिमिरे समेतले प्रतिवेदन उपर लिखित रुपमा आफ्नो विचार राख्नु भयो । शेयरधनीहरुले राखेको टिका टिप्पणी, तथा सुझावहरु निम्नानुसार रहेको छ ।

- वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र गर्नुपर्नेमा समयमा वार्षिक साधारणसभाहरु नभएको ।



SAHAS URJA

- वार्षिक साधारण सभाको समय छनौट गर्दा चाडपर्वलाई मध्यनजर गरी राख्नु हुन
- लेखा परिक्षण प्रतिवेदनको महत्वपूर्ण भागहरु नेपालीमा समेत प्रकाशित गर्नुपर्ने,
- वार्षिक साधारण सभाको पुस्तिकामा Table of Content र पेज नं. राख्दा अध्ययन गर्न सजिलो हुने,
- खर्चमा मितव्ययीता अपनाउनुपर्ने,
- संचालक समितिमा महिला प्रतिनिधित्व नभएको,
- व्यवस्थापन खर्च आर्थिक वर्ष ०७८/०७९ भन्दा आर्थिक वर्ष २०७९/०८० मा धेरै भएको,
- आगामी दिनमा व्यवस्थापन चुस्तदुरुस्त वनाई नगद लाभांस तथा वोनस शेयर वृद्धि गर्नुपर्ने,
- निर्वाचन सम्वन्धी सूचना सम्वन्धमा स्पष्ट गर्नु पर्ने,
- वार्षिक साधारण सभाको सूचना प्रत्येक शेयरधनीहरुलार्य SMS मार्फत गर्नुपर्नेमा नगरेको,
- स्थानियहरुको सहयोगलाई अवमुल्यन गरिएको CSR तथा बातावरण सम्वन्धमा कम्पनी पारदर्शि रुपमा काम गर्नु पर्ने,
- बाध क्षेत्र जाने पहुँच मार्गको अतिरिक्त वैकल्पिक बाटो समेत निर्माण गर्दा हालको बाटो अवरुद्ध भएको अवस्थामा बाध क्षेत्रको सुरक्षा गर्न सजिलो हुने तथा स्थानियहरुको लागि सबदाहाको लागि आउन जान समेत सहज हुने तर्फ विचार गर्न,
- परियाजनाको लागि जग्गा प्राप्त गर्दा जग्गासँग सम्वन्धित व्यक्तिहरुलाई जानकारी नगराएको तथा जग्गा खरिद पारदर्शी नभएको,
- EIA सम्वन्धमा सर्वसाधारणहरुको पहुँच नभएको
- ठूलो धनजनको क्षति हुनेगरी मिति २०८१।६।११ र १२ गते परेको अविरल वर्षाको कारण परियोजनामा भौतिक क्षति भए नभएको सम्वन्धमा जिज्ञासा राख्नु भयो ।
- यस सभा प्रस्तुत प्रस्ताव बमोजिम संकलन गर्न हकप्रद शेयरको रकम के गर्ने स्पष्ट पारिदिनुहुन जिज्ञासा राख्नु भयो ।

(ख) **छलफलमा उठेका विषयहरुको जवाफः** प्रस्ताव नं. १ र २ उपर सभामा शेयरधनीहरुले उठाउनु भएको विषयमा संचालक समितिको तर्फवाट अध्यक्ष श्री हिम प्रसाद पाठकज्यूले निम्नानुसार प्रष्ट पार्नु भयो ।

- आर्थिक वर्ष २०८०/०८१ को वार्षिक साधारण समयमा सपन्न भईरहेको अन्य आर्थिक वर्षहरु २०७७/०७८, २०७८/०७९ र २०७९/०८० वार्षिक साधारण सभा समयमा सम्पन्न हुन नसक्नुको कारण कोभिड -१९ को महामारी, परियोजनाको निर्माणमा दिनु परेको प्रथमिकता, नयाँ परियोजनाको खोजी तथा अध्ययन लगायतका कारण रहेको तथा साधारण सभाको समय छनौट कुनै गलत मनसाय लिई नगरेको नगरिएको स्पष्ट पार्नु भयो ।

SAHAS URJA

- आगामी वर्षको वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको ६ (छ) महिना भित्र उपयुक्त समयमा सम्पन्न गरिने ।
- वार्षिक साधारण सभाको सूचना प्रकाशित गर्दा समेत कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम मिति २०८१।६।२ र २०८१।६।३ गते राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी नियम सँगत सम्पूर्ण प्रकृया पुर्‍याइएको ।
- लेखा परिक्षण प्रतिवेदनको महत्पूर्ण विषयहरुलाई नेपालीकरण गरी प्रतिवेदनमा समावेस गरिएको सम्पूर्ण प्रतिवेदनहरु नेपालीकरण गर्न सम्भव नभएको,
- वार्षिक साधारण सभाको प्रतिवेदन सहितको पुस्तिकामा आगामी वर्षमा Table of Content र पेज नम्वर समावेस गरी प्रकाशित गरिने,
- कम्पनीले संचालन खर्चमा मितब्यीता अपनाई खर्च गर्ने गरेको साथै आगामी दिनमा समेत त्यसलाई निरन्तरता दिने,
- संचालक समितिमा महिला सदस्यको प्रतिनिधीत्वको लागि कम्पनीको नियमावलीमा संशोधन गरी १ जना महिला सदस्यको अनिवार्य व्यवस्था गरिएको तथा यसै साधारण सभाबाट संचालक समितिमा महिला प्रतिनिधी सुनिष्चीत हुने,
- आगामी दिनमा शेयरधनीहरुलाई वढी भन्दा वढी मुनाफा (लाभांश) वितरण गर्न प्रयत्नशिल रहने,
- कम्पनीको प्रशासनीक खर्च CoD सम्म पुँजीकृत Capitlization गर्न पाउने भएकोले आर्थिक वर्ष ०७९/०८० र ०८०/०८१ मा वढी खर्च देखिएको हो खर्च वढेको होइन,
- शेयरधनीहरुको संख्या ४ लाखभन्दा वढी भएको हुँदा कम्पनीको खर्च कम गर्न SMS नपठाएको । साथै पब्लिकमा गएसँगै सवै शेयरधनीहरुको विवरण कम्पनीसँग नहुने भएकोले SMS पठाउन नसकिएको ।
- निर्वाचनको सम्वन्धमा वार्षिक साधारण सभाको सूचना प्रकाशित गर्दा निर्वाचन सम्वन्धी नियमावली, २०७४ वमोजिम कार्यक्रम मिति २०८१।०६।१६ गते कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रकाशित गर्ने जानकारी गराइएको र सोही बमोजिम गरिएको ।
- प्रशारण लाइनको लागि प्राप्त गरेको जग्गाहरु सम्वन्धमा कानूनी प्रकृया पुरा गरी सम्वन्धीत जग्गाधनी तथा कानून बमोजिमका हकवालाहरुलाई समेत साक्षीको रुपमा राखी जग्गाहरु खरिद गरिएको कुनै कानून प्रतिकुल कार्य गरी जग्गा प्राप्त गर्ने कार्य नगरिएको ।
- आर्थिक वर्ष २०७९/०८० मा उत्पादनमा कमी हुनुमा विगत लामो अवधीपछि परियोजना क्षेत्रमा मात्र नभई समग्र राज्यमानै कम वर्षा भएको कारण खोलाको बहावमा आएको कमीको कारणले उत्पादन कमी भएको ।
- सभाको गणपुरक संख्या सम्वन्धमा कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम भौतिक रुपमा उपस्थिती तथा प्रतिनिधी (प्रोक्सी) मार्फत जम्मा ५२.६६ % भएकोले गणपुर संख्या पुगेको उद्घोष गरिएको ।
- EIA प्रतिवेदन स्थायिन तहको संलग्नतामा सार्वजनिक गरिएको, लुकाउनु पर्ने अवस्था नरहेको उक्त प्रतिवेदनहरु सार्वजनिक निकायहरुमा दर्ता रहेको, कानून बमोजिम उक्त

SAHAS URJ

निकयाहरुवाट प्राप्त गर्न सक्ने अवस्था रहेको, कम्पनीमा नियम बमोजिम माग भएमा उपलब्ध गराउन सकिने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

- EIA प्रतिवेदन वमोजिम स्थानियहरुको लागि छुट्टाउनुपर्ने रकम छुट्याइएको तथा स्थानिय निकायहरुको समन्वयमा खर्च गरिएको लेखा परिक्षण प्रतिवेदनहरुमा स्पष्ट रहेको ।
- CSR अन्तर्गतको खर्चहरु विद्युत उत्पादन पश्चात गर्नुपर्ने तथा तोकिए बमोजिम छुट्याउनु पर्नेमा सोही बमोजिम विनियोजन गरिएको र आगामी दिनमा नियम संगतरुपमा स्थानियहरु राखी खर्च गरिने,
- वाधँ क्षेत्र भएर स्थानियहरु हिडडुल गर्न साविक बमोजिम गोरेटो बाटो कायम गरिएको साथै सवदाह गर्ने स्थान पनि साविक बमोजिम नै व्यवस्था गरिएको । आवश्यकता बमोजिम स्थानिय तथा स्थानिय निकायहरुसँग समन्वय गरी थप व्यवस्थित गरिने ।
- स्थानियहरुको सहयोगको लागि कम्पनी सदा ऋणी रहेको आवश्यकता तथा बजेटले सम्भव भएसम्म स्थानियहरुलाई सहयोग गर्न कम्पनी तयार रहेको छ । परियोजना निर्माणको क्रममा परियोजनालाई आवश्यक भन्दा थप १५ किलोमिटर बाटो स्थानियका लागि निर्माण गरेको साथै स्थानियहरुको लागि धेरै वाटोहरुमा मर्मत संभारको कार्य गरिएको ।
- स्थानियहरुको लागि कार्य गर्न कम्पनी सधै तत्पर रहनेछ । प्रभावित स्थानिय निकाय मार्फत स्थानियहरुको माग सम्वोधन गरी आएका छौ । आगामी दिनमा समेत कम्पनीले सम्वोधन गर्न सक्ने मागहरु स्थानिय तथा स्थानिय निकायहरुसँग छलफल गरी निष्कर्षमा पुर्‍याउन कम्पनी प्रतिवद्ध छ । स्थानिय मागहरु समेत व्यक्तिगतभन्दा पनि स्थानिय निकाय मार्फत प्रस्तुत गर्न अनुरोध गर्दछु ।
- मिति २०८१।६।११ र १२ गतेको अविरल वर्षाको कारण परियोजना क्षेत्रमा समेत खोलाको वहाल सोचेभन्दा वढी भएको उक्त वाढीले परियोजनाको वाँध क्षेत्रमा सामान्य क्षेति पुर्‍याएको परियोजना २ दिन वन्द भई सामान्य मर्मत पश्चात संचालनमा रहेको ।
- यस साधारण सभामा प्रस्तावित हकप्रद शेयर कम्पनीको नयाँ परियोजना बुढीगण्डकी ज.वि.प. ३४१ मे.वा. (अर्धजलासय) मा लगानी गर्ने गरी उठाउने प्रस्ताव गरिएको ।

**पारित निर्णयहरु:**

**(क) सामान्य प्रस्तावहरु**

१. **आ.व.२०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रतिवेदन सम्वन्धमा:**

अध्यक्षज्यूले पेश गर्नु भएको आर्थिक वर्ष .२०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ प्रतिवेदन माथि छलफल तथा छलफलमा उठेका जिज्ञासाहरु अध्यक्षज्यूले स्पष्ट गर्नु भए पश्चात प्रस्तुत आर्थिक वर्ष .२०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ प्रतिवेदन उक्त प्रतिवेदन उपर अध्यक्षज्यूले राख्नु भएको निम्न बमोजिमको संशोधन तथा स्पष्ट गरिएको बुँदा सहित निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मत पारित गरीयो ।

(अ) संशोधनः प्रतिवेदनको चौथो अनुच्छेदको पहिलो हरफ "परियोजनाको लागि आवश्यक पुँजी मध्ये २३.६ प्रतिशत शेयरधनीहरुवाट र ७६.४ प्रतिशत ऋणको व्यवस्थापन गर्ने"

SAHAS URJ

(आ) स्पष्ट गरिएको: प्रतिवेदनको प्रकरण ७ को चालु आर्थिक वर्षको बजेट विनियोजन शिर्षक अन्तर्गत क्रम संख्या ११ मा समावेस प्रशासनिक तथा अन्य खर्च शिर्षकमा निम्न खर्चहरु समेत समावेस गरिएको

**संचालक समितिको सदस्य र अध्यक्षको सुविधा:**

| क्र.सं. | विषय | अध्यक्ष | प्रवन्ध संचालक | संचालक |
|---|---|---|---|---|
| १ | मासिक भत्ता तथा सुविधा | ४५०,४००।- (मासिक पारिश्रमिक) | २८१,५००।- (मासिक पारिश्रमिक) | ६०,०००।- |
| २ | प्रति वैठक भत्ता | १२,०००।- | १०,००० | १००००।- |
| ३ | अन्य समिति तथा उपसमितिहरुको वैठक भत्ता प्रति वैठक रु.१०,०००।-<br>नोट: अध्यक्ष र प्रवन्ध संचालकको मासिक पारिश्रमिक विगत वर्षहरुमा खाईपाई आएको पारिश्रमिकमा वृद्धी नगरिएको । कर्मचारीको हैसियतले प्राप्त गर्ने वोनस कानून बमोजिम हुने ।<br>संचालक समितिका सदस्य तथा पदाधिकारीहरुको परियोजनाको कार्यको लागि उपत्यका वाहिर भ्रमण हुदाँ भ्रमण भत्ता प्रतिदिन ४,०००।- र अन्य खर्चहरु विल बमोजिम हुने । | | | |

(इ) कम्पनीको संचालक समितिको आर्थिक वर्ष २०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ मा भएका निर्णयहरु

२. **कम्पनीको आ.व. २०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन सम्वन्धमा:**

कम्पनीको निम्न बमोजिमको आर्थिक वर्षको निम्न लेखा परिक्षकहरुले तयार गर्नु भएको लेखा परिक्षण प्रतिवेदन सभा समक्ष प्रस्तुत भयो । प्रस्तुत लेखा परिक्षण प्रतिवेदन सम्वन्धमा सभामा छलफल हुँदा शेयरधनीहरुले उठाउनु भएको जिज्ञासा सम्वन्धमा अध्यक्षज्यूले स्पष्ट गर्नु भए पश्चात निर्णयार्थ पेश हुँदा आ.व. .२०७७/०७८, २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन सहितको वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत) सर्वसम्मत पारित गरीयो ।

| क्र.सं. | आर्थिक वर्ष | लेखा परिक्षक |
|---|---|---|
| १ | २०७७/०७८ | वाग्ले एण्ड एसोसिएट्स (आनन्द राज शर्मा वाग्ले - सिए) |
| २ | २०७८/०७९ | आर. सापकोटा एण्ड एसोसिएट्स (रविन सापकोटा - एफसिए) |
| ३ | २०७९/०८० | आई.ढकाल एण्ड एसोसिएट्स (इदिप ढकाल - एफसिए) |
| ४ | २०८०/०८१ | आई.ढकाल एण्ड एसोसिएट्स (इदिप ढकाल - एफसिए) |

३. **आ.व. २०८१/०८२ को लेखा परिक्षण गर्न लेखा परिक्षक नियुक्त गर्ने र पारिश्रमीक तोक्ने सम्वन्धमा:**

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम लेखा परिक्षण गर्न लेखा परिक्षक नियुक्ती वार्षिक साधारण सभाले गर्नु पर्ने व्यवस्था बमोजिम कम्पनीको आ.व. २०८१/०८२ को लेखा परिक्षण गर्न लेखा परिक्षक नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने सम्वन्धमा प्रस्ताव प्रस्तुत हुँदा संचालक

SAHAS URJA

समितिमा प्राप्त भएको ३ वटा प्रस्ताव मध्ये आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षण गर्न रु.५,००,०००।- (भ्याट बाहेक) प्रस्ताव सवैभन्दा उपयुक्त देखिएको हुँदा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले आई ढकाल एण्ड एसोसिएट्स (इदिप ढकाल-एफसिए) नियुक्ती गर्न उपयुक्त हुने प्रस्ताव पेश गर्नु भयो । प्रस्ताव सम्वन्धमा छलफल हुँदा संचालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८१/०८२ को लेखा परिक्षण गर्न आई ढकाल एण्ड एसोसिएट्स (इदिप ढकाल-एफसिए) लाई नियुक्ती गर्ने तथा निजको पारिश्रमिक भ्याट बाहेक रु.५,००,०००।- अक्षरुपी पाँच लाख तोक्ने सर्वसम्मत निर्णय गरीयो ।

४. प्रस्तावित वोनस शेयरको कर प्रयोजनको लागि ०.४२१ प्रतिशतका दरले हुने रु. १,४७,३६,८४२।११ नगद लाभांस सम्वन्धमा:

कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को नाफाबाट शेयरधनीहरुलाई ८ प्रतिशत वोनस शेयर दिने प्रस्ताव यसै वार्षिक साधारण सभामा विशेष प्रस्ताव अन्तर्गत प्रस्तुत भएको हुँदा उक्त वोनस शेयर जारी गर्दा कानून बमोजिम लाग्ने कर भुक्तानीको लागि ०.४२१ प्रतिशतका दरले जम्मा रु.१,४७,३६,८४२।११ नगद लाभांस वितरण गर्ने प्रस्ताव सभा समक्ष अध्यक्षज्यूले राख्नु भयो । प्रस्ताव सम्वन्धमा छलफल भई सर्वसम्मत रुपमा उल्लेखित प्रस्ताव पारित गरियो ।

५. स्वतन्त्र संचालक नियुक्ती सम्वन्धमा:

कम्पनी ऐन, २०६३ को दफा ८६(३) को व्यवस्था बमोजिम ७ जना सम्मको संचालक समिति भएको पब्लिक कम्पनीमा विशेषज्ञको रुपमा १ जना स्वतन्त्र संचालक नियुक्त गर्नु पर्ने व्यवस्था रहेको हुँदा उक्त प्रयोजनको लागि संचालक समितिले योग्य तिन जनाको नाम सभा समक्ष सिफारिस गर्नु पर्ने कम्पनी निर्देशिका, २०७२ को व्यवस्था बमोजिम संचालक समितिको तर्फबाट अध्यक्षज्यूले तिन जनाको नाम प्रस्ताव गर्नु भयो ।

| क्र.सं. | प्रस्तावित नाम | अध्ययन |
|---|---|---|
| १ | श्री विभुती ओभ्का | ME in Civil |
| २ | श्री रमेश खनाल | ME Mechanical Engineering |
| ३ | श्री रुपम शाह | BE in Architect |

प्रस्ताव सम्वन्धमा छलफल हुँदा संचालक समितिले प्रस्ताव गरे बमोजिम क्र.सं. १ मा प्रस्तावित श्री विभुती ओभ्कालाई स्वतन्त्र संचालकमा नियुक्त गर्ने प्रस्ताव सर्वसम्मत पारित गरियो ।

(ख) विशेष प्रस्तावहरु:

१. परियोजनाको लागि लिइएको थप ऋण अनुमोदन गर्ने सम्वन्धमा:

परियोजना अध्ययनको क्रममा देखिएको भन्दा निर्माणको क्रममा भूमिगत चट्टानको अवस्था फरक परेको, भुकम्पवाट हुनसक्ने सम्भावित क्षतिलाई न्यूनिकरण गर्न पूर्ववत डिजाइनलाई परिवर्तन गरी पेनस्टक पाइपलाई भूमीगत गरिएको, EPC Contractor को ठेक्का रद्द गरी BoQ Contract को आधारमा ठेक्का गर्दा निर्माण अवधी लम्वीन गएको कारणले समयावधी र परियोजनामा प्रयोग भएको ऋणको व्याज (IDC) समेत वद्धन गएको तथा विश्वव्यापी महामारीको रुपमा फैलिएको

कोभिड-१९ को असरका साथै डलर सटहीमा उच्च वृद्धि हुदा मूल्यमा भएको असर समेतको कारण लागत वढ्न गएकोले सहवित्तियकरण अन्तर्गतका बैंक तथा वित्तिय संस्थाहरुवाट शुरुमा लिएको जम्मा ऋण ८ अर्व ६५ करोड अपुग भई थप रु.२ अर्व ६८ करोड ५४ लाख Term Loan र नयाँ परियोजना बुढिगण्डकी ज.वि. ३४१ मे.वा. (अर्धजलासय) मा नविल बैंक मार्फत लिएको Bridge gap loan रु.१ अर्व ५० करोड समेत गरि जम्मा ४ अर्व १८ करोड ५४ लाख थप ऋण लिने संचालक समितिको निर्णय उपयुक्त देखिएकोले कम्पनी ऐन, २०६३ को दफा १०५ बमोजिम वार्षिक साधारण सभाबाट निर्णय गर्नुपर्ने भएकोले पारित गरिदिनु हुन अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्ताव सर्वसम्मत पारित गरियो ।

२. **कम्पनीको चुक्ता पुँजी रु.३,५०,००,००,०००।- को ८% (आठ प्रतिशत) का दरले हुने रु. २८,००,००,०००।- (अठ्ठाइस करोड) बराबरको २८,००,००० (अठ्ठाइस लाख) कित्ता बोनस शेयर वितरण सम्वन्धमा:**
कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को नाफाबाट शेयरधनीहरुलाई ८% का दरले हुने रकम रु.२८,००,००,०००।- (अक्षरुपी अठ्ठाइस करोड) बराबरको शेयर २८,००,००० (अठ्ठाइस लाख) कित्ता बोनस शेयर वितरण गर्ने प्रस्ताव सभा समक्ष अध्यक्षज्यूले प्रस्तुत गर्नु भयो । प्रस्तुत प्रस्ताव सम्वन्धमा छलफल भई निर्णयार्थ प्रस्तुत हुँदा वोनस शेयर सम्वन्धी विशेष प्रस्ताव सर्वसम्मत पारित गरियो ।

३. **कम्पनीको चुक्ता पुंजी रु.३,५०,००,००,०००।- (तिन अर्ब पचास करोड) मा वोनस शेयर वृद्धि पश्चात हुन आउने चुक्ता पूँजी रु.३,७८,००,००,०००।- (तिन अर्व अठहत्तर करोड) को १:१ अनुपातमा रु.३,७८,००,००,०००।- (तिन अर्व अठहत्तर करोड) बराबरको ३,७८,००,००० (तिन करोड अठहत्तर लाख) कित्ता हकप्रद शेयर जारी गर्ने सम्वन्धमा:**
कम्पनीले निर्माण तथा संचालनको लागि छनौट गरेको नयाँ परियोजना बुढीगण्डकी जलविद्युत परियोजना ३४१ मे.वा. (अर्धजलासय) को लागि आवश्यक शेयर पुँजी उठाउने प्रयोजनको लागि कम्पनीको चुक्ता पुँजी रु.३,५०,००,००,०००।- (तिन अर्व पचास करोड) मा वोनस शेयर वृद्धि पश्चात हुन आउने चुक्ता पूँजी रु.३,७८,००,००,०००।- (तिन अर्व अठहत्तर करोड) को १:१ अनुपातमा रु.३,७८,००,००,०००।- (तिन अर्व अठहत्तर करोड) बरावरको ३,७८,००,००० (तिन करोड अठहत्तर लाख) कित्ता हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव सभा समक्ष अध्यक्षज्यूले प्रस्तुत गर्नु भयो । प्रस्तुत प्रस्ताव सम्वन्धमा सभामा छलफल हुँदा कम्पनीको अनुभवको आधारमा नयाँ परियोजना निर्माण तथा संचालनको लागि लगानी गर्न उपयुक्त देखिएकोले प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय गरियो । यस कम्पनीले निष्काशन गर्ने १:१ को अनुपातको रु.३,७८,००,००,०००।- रकम बराबरको ३,७८,००,००० कित्ता हकप्रद शेयर निष्काशन पश्चात संकलन हुने रकम कम्पनीको नयाँ परियोजना बुढिगण्डकी जलविद्युत परियोजना ३४१ मे.वा. (अर्धजलाशय) मा उपयोग गरिनेछ ।

| निष्काशनवाट प्राप्त हुने रकम प्रयोग गरिने क्षेत्र | रकम रु |
|---|---|
| नयाँ परियोजना वुढीगण्डकी जलविद्युत परियोजना ३४१ मे.वा. (अर्धजलाशय) | ३,७८,००,००,०००।- |

साथै प्रस्ताव अनुसार हकप्रद शेयर निष्काशन गर्ने प्रयोजनका लागि विद्युत नियमन आयोग, धितोपत्र बोर्ड लगायत नियमनकारी निकायहरुमा आवेदन गर्ने, निर्णयको कार्यान्वयन गर्ने नियामक निकाय

SAHAS URJA

विद्युत नियमन आयोग, धितोपत्र बोर्ड लगायतबाट हुने निर्देशन/सुझावका आधारमा परिवर्तन, संशोधन थपघट लगायत सम्पूर्ण कार्य गर्ने तथा हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफुले लिन पाउने हकप्रद शेयर वापतको हक अरु कसैलाई हस्तान्तरण गर्ने भएमा हक हस्तान्तरण गर्न (Right Renounce) र सो वापतको रकम दाखिला गरी अर्को शेयरधनीको हकप्रद शेयर लिन पाउने निर्णय गरियो । यस सम्वन्धमा कम्पनीको प्रवन्धपत्र र नियमावली संशोधन गर्ने तथा अन्य कुनै निर्णय तथा कामहरु गर्नुपरेमा समेत संचालक समितिलाई अख्तियारी प्रदान गरियो ।

४. **कम्पनीको प्रबन्धपत्रको दफा ६ संशोधन सम्वन्धी निम्न वमोजिमको विशेष प्रस्ताव सम्वन्धमा:**

कम्पनीको यस साधारण सभाले बोनस शेयर, हकप्रद शेयर जारी गर्ने गरी निर्णय गरे बमोजिम कम्पनीको पुँजीगत संरचनामा समेत परिवर्तन गनुपर्ने भएकोले सोही प्रयोजनको लागि कम्पनीको प्रबन्धपत्रमा निम्न वमोजिमको संशोधन गर्ने विशेष प्रस्ताव सभा समक्ष अध्यक्षज्यूले प्रस्तुत गर्नु भयो । पुँजीगत संरचना परिवर्तन गर्ने गरी प्रबन्धपत्रको दफा ६(क), (ख) र (ग) मा निम्न बमोजिम संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मत पारित गरियो ।

**प्रबन्धपत्रको दफा ६(क), (ख) र (ग) संशोधन तथा दफा ९(छ) पछि ८(ज) थप व्यवस्था रहनेछ:**

दफा ६(क): कम्पनीको अधिकृत पुँजी रु.१०,००,००,००,०००।- (दश अर्व) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।- दरको १०,००,००,०००।- (दश करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६(ख): कम्पनीको तत्काल जारी गर्ने पुँजी रु.७,५६,००,००,०००।- (सात अर्व छपन्न करोड) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु.१००।- दरको ७,५६,००,००० (सात करोड छपन्न लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६(ग) कम्पनीको चुक्ता पुँजी रु.३,५०,००,००,०००।- (तिन अर्व पचास करोड) मा साधारण सभाको निर्णय बमोजिम वोनश शेयर रु.२८,००,००,०००।- (अठ्ठाइस करोड) र वोनस शेयर थप पश्चात १:१ हकप्रद शेयर रु.३,७८,००,००,०००।- जारी तथा चुक्ता पश्चात कम्पनीको चुक्ता पुँजी रु.७,५६,००,००,०००।- (सात अर्व छपन्न करोड) हुनेछ ।

दफा ८ज) कम्पनीले जारी गर्ने हकप्रद शेयर शेयरधनीले लिन नचाहेमा अन्य व्यक्तिलाई हक हस्तान्तरण (Right Renounce) गर्न सक्नेछ ।

५. **कम्पनीको प्रबन्धपत्रमा भएको संशोधनमा सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा:**

कम्पनीको यस साधारण सभाले कम्पनीको प्रबन्धपत्रमा गरेको संशोधन वोनस शेयर तथा हकप्रद शेयर जारी गर्ने सम्वन्धमा गरेको निर्णय उपर नियामक निकायहरुवाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

६. **धन्यबाद तथा सभा विसर्जन:** सभाको अध्यक्षज्यूको अनुमतीले संचालक समितिका सदस्य श्री भोज वहादुर शाहज्यूले सभामा उपस्थित भई सभालाई सफलतापूर्वक सम्पन्न गर्न मद्दत गर्नु भएकोमा सभामा उपस्थित सवैलाई धन्यवाद दिदै सभालाई विसर्जन गर्नु भयो । साथै निर्वाचन सम्वन्धी

SAHAS URJA

कार्यक्रमको लागि संचालक समितिबाट नियुक्त प्रमुख निर्वाचन अधिकृत रामचन्द्र सिंखडाज्यूलाई निर्वाचन सम्वन्धी कार्यक्रम संचालकको लागि आमन्त्रण गर्नु भयो ।

## निर्वाचन सम्वन्धी कार्यक्रम तथा घोषणा:

**संचालक समितिको निर्वाचन सम्वन्धी कार्यक्रम निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृतले अगाडी वढाउनु भयो ।**

१. **संचालक समितिको संस्थापक समुहको ४ सदस्य तथा सर्वसाधारण तर्फको २ सदस्य निर्वाचन सम्वन्धी प्रतिवेदन प्रमुख निर्वाचन अधिकृतले सभा समक्ष प्रस्तुत गर्नु भयो:**

कम्पनीको विद्यमान संचालक समितिको कार्यकाल समाप्त भएकोले मिति २०८१।५।३० मा वसेको संचालक समितिको वैठकले संचालक समितिको सदस्यहरु संस्थापक तर्फबाट ४ जना र सर्वसाधारण समूहको तर्फबाट २ जनाको निर्वाचन गर्नको लागि साहस उर्जा लि.को संचालकहरुको निर्वाचन सम्वन्धी निर्देशिका, २०७४ को दफा ३ बमोजिम निम्न बमोजिमको निर्वाचन समिति गठन गरी जिम्मेवारी दिनु भएको थियो ।

**निर्वाचन समिति:**

श्री रामचन्द्र शिंखडा - प्रमुख निर्वाचन अधिकृत:
श्री धनञ्जय खनाल - निर्वाचन अधिकृत
श्री गणेश दाहाल - निर्वाचन अधिकृत

कम्पनीको स्वीकृत प्रवन्धपत्र, नियमावली र साहस उर्जा लि. को संचालकहरुको निर्वाचन सम्वन्धी निर्देशिका, २०७४ बमोजिम निर्वाचन समितिले निर्वाचन सम्वन्धी सम्पूर्ण कार्यक्रम कम्पनीको सूचना पाटीमा मिति २०८१।६।१६ गते मा टास गरेको थियो ।

निर्वाचन कार्यक्रम अनुसार मिति २०८१।६।३० गते दिनको ११:०० बजे देखि १:०० बजेसम्म उम्मेदवार दर्ताको कार्यक्रम रहेकोमा दर्ता भएका उम्मेदवारहरुको प्ररम्भीक नामावली प्रकाशन, दावी विरोध लगायत अन्तिम नामावली प्रकाशित गर्दा निम्न बामेजिम उम्मेदवार कायम रहनु भएको थियो ।

**संस्थापक समूह तर्फबाट ४ पदको लागि**

(क) श्री हिम प्रसाद पाठक
(ख) श्री शुसिल थापा
(ग) श्री मुक्तिराम पाण्डे
(घ) श्री महेन्द्र कुमार गिरी

**सर्वसाधारण तर्फबाट २ पदको लागि**

(क) श्री आङगेलु शेर्पा
(ख) श्री गरीमा अधिकारी
(ग) श्री चक्र वहादुर थापा

SAHAS URJA

उल्लेखित अन्तिम नामावली प्रकाशित गरी संस्थापकहरुको लागि आवश्यक ४ पदमा ४ जनाको मात्र उम्मेदवारी परेको तथा सर्वसाधारण तर्फ २ पद मध्ये १ पदमा एक महिलाको मात्र उम्मेदवारी परेको हुँदा संस्थापकहरुको तर्फबाट उम्मेदवार दिन हुने तथा सर्वसाधारण तर्फ महीला उम्मेदवार निर्विरोध निर्वाचित भएको निर्वाचन समितिको मिति २०८१।६।३० को निर्णय बमोजिम कम्पनीको कार्यालयको सूचना पाटीमा निम्नानुसारको सूचना प्रकाशित गरिएको थियो ।

**संस्थापक समूह तर्फबाट ४ पदको लागि निर्विरोध हुने संस्थापक शेयरधनीहरु:**

(क) श्री हिम प्रसाद पाठक
(ख) श्री शुसिल थापा
(ग) श्री मुक्तिराम पाण्डे
(घ) श्री महेन्द्र कुमार गिरी

**सर्वसाधारण तर्फबाट महिला शेयरधनीको प्रतिनिधित्व गर्ने १ पदको लागि निर्विरोध निर्वाचित हुने सर्वसाधारण शेयरधनी:**

(क) श्री गरीमा अधिकारी

साथै सर्वसाधारण तर्फको १ पदको लागि निम्न शेयरधनीहरु उम्मेदवारी कायम रहेको हुँदा निर्वाचनको लागि तयारी गर्ने निर्वाचन समितिवाट निर्णय भई तयारी तथा मतपत्र छपाई लगायतका आवश्यक सामाग्रीहरु उपलब्ध गराउन संचालक समितिलाई पत्राचार गरिएकोमा सोही बमोजिम निर्वाचनको सम्पूर्ण तयारी पुरा भएको थियो ।

**सर्वसाधारण तर्फको १ पदको लागि कायम उम्मेदवारहरु**

(क) आङगेलु शेर्पा
(ख) चक्र बहादुर थापा

यसै क्रममा सर्वसाधारण तर्फ उम्मेदवारी दिनु हुने शेयर सदस्य श्री चक्र बहादुर थापाले मिति २०८१।०७।०४ गते दिनको १२:२४ बजे आफ्नो उम्मेदवारी फिर्ताको लागि निर्वाचन समिति समक्ष निवेदन गर्नु भएकोले सर्वसाधारण तर्फबाट उम्मेदवार श्री चक्र बहादुर थापाको उम्मेदवारी उम्मेदवारको तालिकावाट हटाई सर्वसाधारण तर्फको संचालक समितिको सदस्य १ पदको लागि कायम उम्मेदवार श्री आङ गेलु शेर्पा निर्विरोध निर्वाचित हुनु भएकोले निम्न उल्लेखित शेयरधनीहरु साहस उर्जा लि. को संचालक समितिको संस्थापक समुह र सर्वसाधारण समुहबाट निर्विरोध निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृतज्यूले घोषणा गर्नु भयो ।

**संस्थापक समूह तर्फबाट ४ पदमा निर्विरोध निर्वाचितहरु:**

(क) श्री हिम प्रसाद पाठक
(ख) श्री शुसिल थापा
(ग) श्री मुक्तिराम पाण्डे
(घ) श्री महेन्द्र कुमार गिरी

**सर्वसाधारण तर्फबाट महिला शेयरधनीहरुको प्रतिनिधित्व गर्ने १ पदमा निर्विरोध निर्वाचित:**

(क) श्री गरीमा अधिकारी



SAHAS URJA

<u>सर्वसाधारण तर्फबाट १ पदमा निर्विरोध निर्वाचित:</u>
(क) श्री आङगेलु शेर्पा

प्रमुख निर्वाचन अधिकृतज्यूले निर्वाचित संचालक समितिको सदस्यहरुलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउँदै प्रमाणपत्र वितरण गरी निर्वाचित संचालक समितिको सदस्यहरुलाई बधाई दिदै कार्यकालको शुभकामना व्यक्त गर्दै निर्वाचन सम्वन्धी सम्पूर्ण कार्यक्रम समापन गर्नु भयो ।

निर्वाचनको कार्यक्रम समापन पश्चात निर्वाचन समितिको प्रमुख तथा सदस्यहरुलाई नवनिर्वाचित संचालक समितिको तर्फबाट संचालक श्री हिम प्रसाद पाठकज्यूले निर्वाचन सम्पन्न गर्ने क्रममा पुऱ्याउनु भएको सहयोग र योगदानको लागि कदर पत्र प्रदान गर्दै सभाको सम्पूर्ण कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

SAHAS URJA